**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**फैसला**

**०७३-CR-०९५२**

**मुद्दाः- <u>विष सेवन गराई मृत्यु (कर्तव्य ज्यान)</u>।**

| | |
|---|---|
| सुर्खेत जिल्ला, विरेन्द्रनगर नगरपालिका वडा नं. ११ घर भई हाल कारागार कार्यालय सुर्खेतमा थुनामा रहेको खगेन्द्र नेपाली --------------------------------१ | **<u>पुनरावेदक</u> प्रतिवादी** |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| जंगबहादुर रोकायाको पुरक जाहेरीले नेपाल सरकार ---------------------------१ | **<u>प्रत्यर्थी</u> वादी** |

**<u>सुरु तहमा फैसला गर्नेः</u>** माननीय न्यायाधीश श्री लिलाराज अधिकारी
सुर्खेत जिल्ला अदालत
फैसला मितिः २०७२/२/१८

**<u>पुनरावेदन तहमा फैसला गर्नेः</u>** माननीय मुख्य न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री गुणराज ढुंगेल
पुनरावेदन अदालत सुर्खेत
फैसला मितिः २०७३/३/१

पुनरावेदन अदालत सुर्खेतको मिति २०७३/३/१ को फैसला उपर प्रतिवादीको तर्फबाट न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

## तथ्य खण्ड

१. जिल्ला सुर्खेत उत्तरगंगा गाउँ विकास समिति वडा नं.३ चट्याडाँडा स्थित पूर्व बागदुला जाने बाटो बनवारी जंगल रहेको, पश्चिम बस्ने ढुङ्गा जाने बाटो, मृतकको कम्मरदेखि ५ फिट टाढा धाईराको बुट्यान, उत्तर मृतकको बायाँ खुट्टादेखि ९ फिट टाढा धाईराको बुट्यान, दक्षिण मृतकको टाउकोदेखि १० मिटर टाढा सल्लाको रुख यती चार किल्ला भित्र रहेको पूर्वतर्फ मोहडा भएको, अनुहार दाहिने कोल्टे भएको मुखबाट, नाकबाट फिँज निस्की दाहिनेतर्फ बगेको, भुईमा समेत चिसो भएको, दुबै हात साईडमा रहेका, दुवै खुट्टा फट्याएको अवस्थामा उत्तानो अवस्थामा मृतक लिला रोकायाको लाश रहेको, मृतक लिला रोकायाको लाशको टाउकाको तालुको भागदेखि १ फिट दक्षिणतर्फ Alvan लेखेको विषादीको बट्टा रहेको, मृतकका बाँया कुमदेखि १ फिट ४ ईन्चमा पश्चिम कालो खैरो रातो रङ्गको रुमाल रहेको, मृतकको बायाँ हातको नाडीदेखि ८ ईन्च पश्चिम कालो रङ्गको लाभा कम्पनीको मोबाईल सेट रहेको, मृतकको बाँया गोडाको कुर्कुच्चादेखि २ फिट टाढा पश्चिमतर्फ निलो रङ्गको चप्पल रहेको, सोही खुट्टाको कुर्कच्चादेखि उत्तर २ ईन्चमा गुलावी रङ्गको चप्पल रहेको, मृतकको दाहिने खुट्टाको कुर्कुच्चादेखि २ फिट ४ इन्च उत्तरतर्फ निलो रङ्गको चप्पल रहेको, मृतकको घाँटीमा कालो डोरीमा (धागोमा) लगाएको लकेटको गोलो भाग फुत्की खसेको, मृतकको कम्मरको बायाँतर्फ समेत विषादीको जस्तो गन्ध आएको, आलो भुईं रहेको, उक्त दुवै स्थानबाट माटो सहितको विषादीको गन्ध आएको पदार्थ प्रहरीले उठाई लगेको ठिक साँचो हो भन्ने समेत बेहोराको घटनास्थल लासजाँच मुचुल्काको चार किल्ला सहितको विवरण।

२. मेरो छोरी वर्ष १४ की लिला रोकाया र खगेन्द्र परियारले मिति २०७१।१।१५ गते, अं.८:०० बजेको समयमा जिल्ला सुर्खेत उत्तरगंगा गा.बि.स.वडा नं.३ स्थित जनसंरक्षण सामुदायिक वनमा विषादी औषधी सेवन गरी घटनास्थलमा नै छोरीको मृत्यु भएको र खगेन्द्र परियार अचेत अवस्थामा फेला परेको हुँदा कर्तव्य खुल्न आएमा किटानी जाहेरी दिने नै छु हाल कानून बमोजिम गरी पाउँ भन्ने बेहोराको अनुसन्धान अधिकारीसमक्ष जंगबहादुर रोकायाको जाहेरी दरखास्त।

३. मैले २०६८ साल देखि नै ट्रेक्टर चलाउने काम गर्दथें। ट्रेक्टर लिएर झुप्रा खोला जाने

र बालुवा, ढुङ्गा,गिट्टी बिरेन्द्रनगर बजारतर्फ ल्याउने गर्दथें। झुप्रा खोलामा बालुवा चाल्ने काम गर्ने लिला रोकायासँग मेरो भेट भई हाँस खेल गर्दा गर्दै हामी दुई जना बीच माया बसी फोन भैरहन्थ्यो, बेला बेलामा भेटघाट समेत भैरहन्थ्यो, हामीहरु बीच एक आपसमा छुट्टिनै नसक्ने गरी माया बसेका कारण विवाह गर्ने निर्णय समेत गरेका थियौं। तर मेरो घरमा श्रीमती श्रृजना नेपाली र छोरी राखी नेपाली समेत भएको हुँदा विवाह गर्न समस्या भएको र घरमा मैले विवाह गरी लिने अवस्था नभएको भएता पनि हामी दुवैले विवाह गरी बाँकी जीवन सँगै बिताउने बाचा गरी सकेकोले निजलाई मैले मिति २०७०।१२।८ गते भगाई खोटाङ्ग जिल्लाको दिक्तेल लगी बसेको अवस्थामा निज मृतक लिला रोकायाको बुबा जंगबहादुर रोकायाले थाहा पाई उक्त स्थानमा गई लिला रोकायालाई आफ्नो साथमा लिई आएका थिए। मिति २०७१।१।१४ गते निज लिला रोकायाले मलाई फोन गरी म जिल्ला सुर्खेत उत्तरगंगा गाउँ विकास समिति वडा नं.४ फलाँटे स्थित फुपुको घरमा बसेकी छु। मलाई घर परिवारले विवाह गरी दिने भनेका छन्। मेरो विवाह हुँदै छ। मैले तपाई बाहेक अरु कसैसँग विवाह गर्न चाहेकी छैन, विवाह तपाईसँग मात्र गर्छु,मलाई भेट्न आउनु होस्, नत्र मर्छु, मरे तपाई सँगै मर्ने हो, बिष लिएर आउनु होस, सँगै मरौला भनेकी हुँदा म दिन भरी गाउँ घरमा घुमफिर गरी साँझ पख निजलाई भेट्न जाने निधो गरी आफ्नो घरमा समेत नगई सुर्खेत जिल्लाको बिरेन्द्रनगर बजारको एग्रोभेट सेन्टरमा सेवन गर्नका लागि विष खरिद गर्न भनी गएकोमा पसलेले नदिएपछि विषादी नलिएर निज लिला रोकायालाई भेट्न गएको थिएँ। भेट्न जाने क्रममा मैले निजलाई फोन गरेकोमा निजले मलाई लिनको लागि आफ्नो फुपुको छोरी सरिता बुढालाई पठाएकी थिईन्। बाटोमा सरिता बुढासँग भेट भई निज सँगै म अं.रातीको २२:०० बजेको समयमा निजको फुपुको घरमा पुगेको थिएँ। घरमा अन्य परिवारका सदस्यहरु सुती रहेको अवस्थामा म लिला रोकाया भएको कोठामा गएको थिएँ। म, लिला रोकाया र सरिता बुढा एउटै कोठाको एउटै खाटमा सुतेका थियौं। सरिता बुढा निदाई सकेकी थिईन्। राती अं.२४:०० बजेको समयमा हामी दुवैको सल्लाह र मञ्जूरीले एक पटक शारीरिक सम्बन्ध समेत गरेका थियौं। राती अबेरसम्म हामी दुई बीच कुराकानी भई अब मलाई मेरो घर परिवारले अन्तै बिहे गरी दिन

लागेका छन, अब त म मर्छु, तपाईसँग विवाह गरी सँगै बाँच्न नपाईने भयो, सक्नु हुन्छ भने मरौ, मैले बिष राखेकी छु भनेकि थिईन, मैले निजलाई नमरौं, भागेर जाऔं सँगै बसौंला, बाँकी जीवन सँगै बिताउँला भनी सम्झाएको थिएँ, कुरा गर्दागर्दै हामी दुवै जना निदाएका थियौं, राती अं.२:३० बजेको समयमा लिला रोकायाले मलाई व्यूँझाई बिहान हुन लाग्यो, तपाई घर तिर जानु होला म मर्न जान्छु, तपाईलाई बाटोसम्म पु¥याई दिन्छु भनेकीले बिहान पनि हुन लागेको हुँदा म तयार भई बाहिर निस्कदा निजले सरिता बुढालाई म पुर्याउन जान्छु भनी बाहिर निस्केकि थिईन। बाहिर निस्के पछि घरको पालिबाट Alvan लेखेको विषादीको डिब्बा निकाली ल्याएकी थिईन। निजलाई मैले सम्झाउँदा नमाने पछि हामी दुवै जना सँगै मर्ने सल्लाह गरी घरदेखि पश्चिमतर्फ करिव ४५ मिनेट हिंडेपछि वारदात स्थानमा पुगी सल्लाह गरी विषादीको डिब्बाको बिर्को खोली पहिला मैले एक बिर्को खाएँ। अर्को पटक बिर्कोमा हाल्दै गर्दा मलाई चक्कर लागी भुईमा पल्टें। पछि मेरो हातबाट विषादीको डिब्बा लिला रोकायाले लिई सिधै मुखमा राखि पिएको जस्तो देखेको थिएँ। मैले सबै अँध्यारो भएको जस्तो देख्दथे। केही छिन पछि निज छट्पटाएको जस्तो देखेको थिएँ। मलाई विषादी लागि सकेको हुँदा केही देखिन। पछि के कसो भयो सो मलाई थाहा भएन। मिति २०७१।१।१५ गते दिउसो १६:०० बजेको समयमा क्षेत्रीय अस्पताल कालागाउँ सुर्खेतको बिरामी शैयामा भएको अवस्थामा मात्र मलाई उपचारको लागि अस्पताल ल्याएको र निज लिला रोकायाको विषादी सेवनबाट मृत्यु भैसकेको कुरा थाहा पाएको हुँ। यसमा लिला रोकाया र म बीच प्रेम सम्बन्ध पछिसम्म स्थापित गरी बस्न सक्ने अवस्था नभएको र छुट्टिएर पनि बाँच्न नसक्ने अवस्था भएपछि हामी दुवैको सल्लाह बमोजिम आफैले विषादी सेवन गर्दा सोही विषादीको कारण लिला रोकायाको मृत्यु भएको हो भन्ने प्रतिवादी खगेन्द्र नेपालीको अनुसन्धान अधिकारीसमक्ष गरेको घटना विवरण कागज।

४. मृतकले आफ्नो प्रेम सम्बन्ध बारे मलाई कहिल्यै पनि भनिनन्। मैले पनि सोधेकी थिईन। मिति २०७१।१।१४ गते साँझ अं.२१:०० बजेको समयमा म र निज मृतक लिला रोकायाले साँझको खाना खाई हामी दुवै जना एकै कोठाको एकै खाटमा पल्टीई सुतेका थियौं। ऐ.अं.११:०० बजेको समयमा निज मृतक दिदी लिला रोकायाले मैले

खगेन्द्र नेपालीलाई फोन गरी मलाई लिन आईजा भनी बोलाएकी हुँ। खगेन्द्र आउँदै छ। तिमी त्यसलाई लिन जाऊ बाटोमा छ भन्दै तिमी खगेन्द्र नेपालीलाई लिन जाँदिनौ भने म बिष खाएर यँही मरी दिन्छु। तँ र तेरो घर परिवारलाई जिन्दगी भरी जेल बस्ने गरी फसाईदिन्छु भनी धम्काउन थाले पछि म बाध्य भई निज खगेन्द्र नेपालीलाई लिन गई दुई जना घरमा आएका थियौं। घरमा पुगेपछि हामी तिनै जना सँगै एउटै कोठामा बसी कुराकानी गरी रहेको अवस्थामा म अं.१२:०० बजेको समयमा म निदाई सकेकी थिएँ। निजहरुले एक आपसका के के कुराकानी गरेका थिए सो मलाई थाहा भएन। राती निजहरु दुवै जना के कुन समयमा कोठाबाट बाहिर निस्के सो मलाई थाहा भएन। ऐ.१५ गते बिहान मलाई मम्मीले फोन गरी उठाउनु भएको थियो। म उठ्दा कोठामा कोही पनि थिएनन्। घरका अन्य सदस्यहरुले निज लिला रोकाया कहाँ गई भनी आ-आफ्नो चिने जानेका मानिसहरुसँग फोन सम्पर्क गर्दै थिए। सोही क्रममा जनसंरक्षण सामुदायिक वनको हाता भित्र चट्याडाँडा भने स्थानमा लिला रोकाया र खगेन्द्र नेपाली विषादी सेवन गरेको अवस्थामा फेला परेका हुन्। मैले उक्त विषादी बोकेको देखिन। निज दिदि मृतक लिला रोकायाको मृत्यु आफैले सेवन गरी आत्महत्या गरिन् वा कोही कसैले सेवन गराएर मृत्यु भएको हो एकीन भन्न सक्दिन भन्ने सरिता वुढाले अनुसन्धान अधिकारीसमक्ष गरेको घटना विवरण कागज।

५. मेरो छोरी वर्ष १४ की लिला रोकायालाई जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं.११ बस्ने अं.वर्ष २२ को खगेन्द्र नेपालीले आफ्नो माया जालमा पारी ललाई फकाई विवाह गर्ने भनी लिई मिति २०७१।१।१५ गते बिहान के कुन समयमा जिल्ला सुर्खेत अन्तर्गत पर्ने जनसंरक्षण सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्र भित्र बिहान अं.८:०० बजेको समयमा मेरी छोरी लिला रोकायाको विष सेवनबाट घटनास्थल मै मृत्यु भएको र निज खगेन्द्र नेपाली सामान्य जिवीत अवस्थामा फेला परेकोले निजलाई उपचारको लागि मध्यपश्चिम क्षेत्रीय अस्पताल सुर्खेतमा लगी उपचार गराउँदा (उपचार हुँदाका क्रममा) मैले भूल गरें। मेरै कारणले लिला रोकायाको मृत्यु भएको हो। म पनि बिष सेवनबाट मर्न खोजेको थिएँ। भनेकोले मेरो छोरी मृतक लिला रोकायालाई निज खगेन्द्र परियारले माया जालमा पारी ललाई फकाई बिष सेवन गरौं भनी गफलतमा

पारी मेरो छोरीलाई बिष खान लगाई आफूले बिष सेवन गरे जस्तो गरी बिष सेवन गरी निज लिला रोकायाको घटनास्थलमा नै मृत्यु भएकोले निज खगेन्द्र नेपालीलाई कारवाही गरी पाउँ भन्ने व्यहोरा समेतको जंगबहादुर रोकायाको पुरक जाहेरी दरखास्त।

६. मौकामा गरेको कागज ब्यहोरासँग हु-बहु मेल खाने गरी बयान गर्दै मैले पनि मर्नकै लागि लिला रोकायासँग विषादी सेवन गरेको हुँ भन्ने व्यहोरा समेतको प्रतिवादी खगेन्द्र नेपालीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागज।

७. मिति २०७१।१।१५ गतेका दिन बिहान अं. ८:०० बजे वन जंगलमा के कस्तो भै राखेको छ भनी रेखदेख गर्न चट्याडाडाँतर्फ जाँदै गर्दाको अवस्थामा लिला रोकाया र निजको शरीर माथी खुट्टा फालेको अवस्थामा खगेन्द्र नेपाली वाकवाक गरी राखेको देखि/सुनी गई हेर्दा प्रतिवादी अर्ध अचेत अवस्थामा र लिला रोकाया मृत अवस्थामा देखी अरुलाई खबर गरेको हुँ। घटनास्थल नजिकै विषादीको डिब्बा समेत रहेको थियो भन्ने देविराम खत्रीको अनुसन्धान अधिकारीसमक्ष गरेको घटना विवरण कागज।

८. देवीराम खत्रीले मलाई फोन सम्पर्क गरी घटनास्थलको बारेमा जानकारी गराएको हुँदा म तत्काल उक्त स्थानमा पुग्दा प्रतिवादी खगेन्द्र नेपाली अर्ध अचेत अवस्थामा र मृतक लिला रोकाया मृत अवस्थामा रहेका थिए। खगेन्द्र नेपालीलाई उपचारको लागि अस्पतालतर्फ पठाएका हौं। निज खगेन्द्र नेपाली जिउँदो अवस्थामा र लिला रोकाया मृत अवस्थामा फेला परेकोले निज खगेन्द्र नेपालीले आफूले कम विष सेवन गरी लिला रोकायालाई बढी विषादी सेवन गराएकोमा मलाई शंका लाग्छ, कानून बमोजिम हुनुपर्छ भन्ने परेकबहादुर बुढा, बलबहादुर बुढा र अमृता बुढाले अनुसन्धान अधिकारीसमक्ष गरेको घटना विवरण कागज।

९. शव परिक्षणमा मृत्युको एकीन कारण खुल्न नसकेको र भिसेराको प्रतिवेदनबाट मृत्युको कारण खुल्न सक्ने भन्ने शव परिक्षण प्रतिवेदन।

१०. प्रतिबादीले मृतकलाई जवरजस्ती विष सेवन गराएको नदेखिए पनि घुमाउरो ढंगले अप्रत्यक्ष रूपमा विष सेवन गराएको तथ्य स्थापित हुन्छ। निजले मृतकलाई विष सेवन गरी मर्न बाध्य बनाएको नभई अप्रत्यक्ष रुपमा विष खुवाएको तथ्य स्थापित भै निजले मुलकी ऐन, ज्यान सम्बन्धीको महलको १ नं. र सोही महलको १३ नं. को देहाय २

को कसूर गरेको देखिएकाले निजलाई सोही ऐन सोही महलको सोही १३ नं. को देहाय २ बमोजिम सजाय हुन मागदाबी लिई सुरू सुर्खेत जिल्ला अदालतमा दायर अभियोग पत्र।

११. जाहेरी दर्खास्त व्यहोरा झुट्टा हो। मृतक लिला रोकाया सँग मेरो प्रेम सम्बन्ध कायम भएकाले हामी भागेर खोटाङको हलेसी मन्दीरमा गई सिन्दुर हाली विवाह भएको कुरा मृतकको बाबु जंगबहादुर रोकायाले थाहा पाई खोटाङबाटै लिला रोकायालाई खोसेर लिई आउनु भयो। अनि लिलाको बुबाले लिलालाई अन्यत्र विवाह गरि दिने भएपछि मृतक भागेर म भएको ठाउँमा आएपछि मृतकले किनेर ल्याएको विष सेवन गरी मरौं भने पछि पहिला मैले विष सेवन गरे अनि मृतकले मेरो हातबाट आफैं खोसेर विष सेवन गरेकी हुन। केही छिन पछि हामी दुवै वेहोस भए छौं। मलाई अस्पताल लगि उपचार गरे पछि बाँच्न सफल भए पनि मृतक लिलाको उपचार हुन नसकी मृत्यु भयो भन्ने सुनेको हुँ। मृतकलाई मैले विष खुवाई मारेको होइन। अभियोग मागदाबीबाट सफाई दिलाई पाउँ भन्ने समेत बेहोराको प्रतिवादी खगेन्द्र नेपालीको सुरु सुर्खेत जिल्ला अदालतमा बयान।

१२. मृतक लिला रोकायाको मिति २०७१।१।१५ गते कर्तव्यबाट मृत्यु भएको हो। निजको लास सुर्खेत उत्तरगंगा गाउँ विकास समिति को सामुदायिक वनमा कपडा लगाएको मुखबाट फिज आएको मृत अवस्थामा पल्टीएको देखेको हुँ। मृतकको मृत्यु प्रतिवादी खगेन्द्र नेपालीको कर्तव्यबाट भएको हो। मृतक र प्रतिवादी विच माया प्रेम रहेछ। प्रतिवादीले मृतकलाई विवाह गर्छु भनी जंगलमा लगी आफूले अलि अलि खाए जस्तो गरी मृतक मेरो छोरीलाई धेरै विष खुलाई कर्तव्य गरी मारेका हुन्। विष खगेन्द्र नेपालीले लिई गएका हुन। दुवै जाहेरी मैले दिएको हुँ। प्रतिवादीको बयान व्यहोरा झुट्टा हो। प्रतिवादीसँग भागी गएकी मृतक मेरो छोरीलाई खोटाङबाट मैले घरमा ल्याएपछि निज मृतक फुपुको घर तिर लागिन साथै प्रतिवादी र मृतकको विचमा के कस्तो सम्बन्ध थियो मलाई थाहा भएन भन्ने समेत बेहोराको जाहेरवाला जंगबहादुर रोकायाले सुरू सुर्खेत जिल्ला अदालतमा गरेको वकपत्र।

१३. म वनको चौकीदार भएकाले वनमा डयुटी गर्ने क्रममा हिड्दै जाँदा वाक्क वाक्क गरेको

आवाज सुनेकाले के रहेछ भनी हेर्दा केटीको मुखबाट फिज आएको र केटा वाक्क वाक्क गरिरहेको थियो। मैले अरुलाई खवर गरेपछि अरु मानिस आएर केटा र केटीलाई उठाए। सुरुमा केटो बाँच्छकी भनेर प्रहरी नआउँदै छिटो छिटो उपचारको लागि लगीयो भने केटी मृत अवस्थामा भएकाले प्रहरी आएपछि मात्र उठाइयो। घटना विवरण कागज, व्यहोरा र सो मा परेको सहिछाप मेरै हो। मैले देख्दा मृतक र प्रतिवादी पल्टीएका थिए मृतकको मृत्यु कसरी भयो मैले नदेखेकाले सो सम्बन्धमा त्यस भन्दा बढी मलाई थाहा छैन भन्ने समेत बेहोराको बुझिएका मानिस देवीराम खत्रीले सुरू सुर्खेत जिल्ला अदालतमा गरेको वकपत्र।

१४. प्रतिवादी खगेन्द्र नेपाली र मृतक लिला रोकायाबीच माया प्रेम बसी विवाह गरी खोटाङ गएका हुन खोटाङबाट फर्केपछि दुवै जनाले विष खाई निज लिला मृत अवस्थामा र प्रतिवादी खगेन्द्र नेपाली विष सेवनबाटै वेहोस भई उपचार पश्चात निको भएको हुन। तसर्थ खगेन्द्र नेपालीले लिला रोकायालाई विष सेवन गराई कर्तव्य गरी ज्यान मारेको भनी परेको जाहेरी झुट्ठा हो। विष सेवन गरेको मैले देखेन भन्ने समेत बेहोराको प्रतिवादीका साक्षी धनबहादुर नेपालीले सुरू सुर्खेत जिल्ला अदालतमा गरेको वकपत्र।

१५. प्रतिवादीले घरमा श्रीमती बच्चा हुँदा हुदै नावालिका मृतकसँग प्रेम गरेको र मृतकका बावुले मृतकलाई प्रतिवादीसँग छुटाउन प्रयास गरेको कारण मृतक लिलासँग सँगै जीवन जीउन नसक्ने नपाउने भएबाट मृत्यु वरण गर्न नै उपयुक्त ठानी मृतक र प्रतिवादीसँगै मर्ने सल्लाह गरी विष लिई जंगलमा गै विष सेवन गरेकोमा सेवनकर्ता मध्य लिला रोकायाको मृत्यु भै प्रतिवादी खगेन्द्र नेपाली बाँचेकोले यी प्रतिवादीले ज्यान सम्बन्धीको १, १३(२) को कसुर गरेकोले निजलाई ऐ. १३(२) नं. बमोजिम सर्वश्व सहित जन्मकैदको सजाय हुने ठहर्छ। प्रतिवादी र मृतकबीच गहिरो प्रेम सम्बन्ध रहेको, मृतकबाट नै प्रतिवादीलाई सँगै मरौं भन्ने प्रस्ताव राखी सँगै मर्न जंगलमा गएको, मृतकले नै विषादीको व्यवस्था गरेकी र निजले नै आफै बढी विष सेवन गरेको समेतको अवस्था र प्रतिवादीको श्रीमती छोरा छोरी समेत साना रहे भएबाट अपराधको प्रकृति र अवस्थालाई हेर्दा निजलाई ठहर भए बमोजिमको सजाय गर्दा चर्को पर्न जाने देखिँदा निजलाई ५ वर्ष कैद गर्दा न्याय र कानुनको मर्म पुरा हुने देखी निज प्रतिवादीलाई ५

वर्ष कैद सजाय मात्र हुन उपयुक्त हुने राय व्यक्त गर्दछु। प्रस्तुत मुद्दामा साधक जाँच हुनुपर्ने भएकाले साधक जाँच गर्नको लागि मुद्दा पुनरावेदन अदालत सुर्खेतमा पठाउने समेत ठहर्छ भन्ने बेहोराको सुर्खेत जिल्ला अदालतको मिति २०७२।२।१८ को फैसला।

१६. प्रतिवादी खगेन्द्र नेपालीले सुरु सुर्खेत जिल्ला अदालतको मिति २०७२।२।१८ को फैसला उपर पुनरावेदन नगरेको हुँदा साधकको रोहबाट पुनरावेदन अदालत सुर्खेतबाट मुद्दा हेरिएको।

१७. आफू विवाहीत भै घरजम गरेर बसेको व्यक्ति प्रतिवादी खगेन्द्रले कन्या कम उमेरकी केटी लिलासँग प्रेम सम्बन्ध राखी विवाह गरी सो कार्यमा लिलाको बुबाको बाधा विरोध पछि मात्र मृतक लिला समेत दुवैले विष खाएर लिलामात्र घटना स्थलमै मरेको अवस्थामा सो को अप्रत्यक्ष जरिया र कारणमा प्रतिवादी खगेन्द्र नेपाली कै बदनीयत रहेको प्रष्ट हुन आउँछ। यसरी नै सम्मानीत सर्वोच्च अदालतले पारस्परिक सहमतिमा भएको आत्महत्याको प्रयासमा कुनै व्यक्ति मरेमा र कुनै व्यक्ति बाँचेको अवस्थामा बाँच्नेलाई कसुरदार ठहर गरेको सिद्धान्त समेत प्रतिपादन भएको छ। श्री ५ को सरकार विरुद्ध अफदुलफत्ते मुसलमान भएको कर्तव्य ज्यान मुद्दामा (ने.का.प. २०४४ नि.नं. ३१७८ पृ. ८४०) मा दुवै जनाले आत्महत्या गर्ने सहमति गरी छुरी प्रहार गरेकोमा एक जनाको मृत्यु भै एक जना बच्न सफल भएकोमा बचेको व्यक्तिलाई अपराधको कसुरदार ठहर गरी फैसला भै सिद्धान्त समेत कायम भएको सन्दर्भमा प्रस्तुत मुद्दामा पनि सँगै मर्ने गरी विष सेवन गरेकोमा लिला रोकायाको मृत्य भै प्रतिवादी खगेन्द्र नेपाली, जीवित रहन गएबाट निज प्रतिवादी खगेन्द्र नेपाली मृतक लिलाको विष सेवनबाट मृत्यु भएको कारक तत्वको पृष्ठभूमीमा निजले कुनै पनि तहको अपराधिक दायित्व व्यहोर्नु नै पर्ने देखिंदा निजलाई सुरुले सर्वश्व सहित जन्म कैद गर्ने गरी गरेको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिन आएन। तसर्थ प्रतिवादी खगेन्द्र नेपालीले ज्यान सम्बन्धी महलको १,१३(२) नं. विपरीतको कसुर गरेकोले निजलाई ऐ. १३(२) नं. बमोजिम सर्वश्व सहित जन्मकैदको सजाय हुने ठहऱ्याई भएको सुरु सुर्खेत जिल्ला अदालतको मिति २०७२।२।१८ को फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। साथै

प्रतिवादी र मृतक बीच गहिरो प्रेम सम्बन्ध रहेको, मृतकबाट नै प्रतिवादीलाई सँगै मरौं भन्ने प्रस्ताव राखी सँगै मर्न जंगलमा गएको, मृतकले नै विषादीको व्यवस्था गरेकी र निजले नै आफै बढी विष सेवन गरेको समेतको अपराधको प्रकृति पृष्ठभूमी र अवस्थालाई हेर्दा निजलाई ठहर भए बमोजिमको सजाय गर्दा चर्को पर्न जाने चित्तमा लागेको हुँदा निजलाई १० वर्ष मात्र कैद सजाय हुन उपयूक्त हुने ठानी अदालती बन्दोबस्तको १८८ नंबर बमोजिम राय व्यक्त गरिएको छ भन्ने बेहोराको पुनरावेदन अदालत सुर्खेतको मिति २०७३/३/१ को फैसला।

१८. पुनरावेदन अदालत सुर्खेतले म पुनरावेदक प्रतिवादीलाई हराई फैसला गर्दा लिइएको पहिलो आधारमा न्यायिक मनको उचित प्रयोग हुन सकेको छैन। मृतक लिला रोकाया र मेरो बीचमा प्रेम सम्बन्ध भएको कुरामा कुनै पनि खालको द्विविधा मिसिलमा पाउन सकिने अवस्था छैन। मृतक लिला रोकाया र मेरो बीचमा प्रेम सम्वन्ध झाङ्गिदै गए पछि हामीहरु एकआपसमा छुट्टिएर बाच्नै नसक्ने स्थितिमा पुगी हामी दुवै जनाले आपसमा विवाह गरी जिवन अगाडि बढाउने अठोट गरी हामीहरु विवाह गर्न खोटाङ जिल्लाको हलेसी मन्दिरसम्म पुगेको विषयबाट नै हामीहरु एकआपसमा प्रेममा लिन भइसकेको विषय पुष्टि हुन्छ। प्रेममा एकआपसमा लिन भइसकेको अवस्थामा मृतक लिला रोकायाको घरपरिवारबाट हाम्रो प्रेम सम्बन्धलाई पटकपटक टाढा बनाउन प्रयास भइरहेको अवस्थामा लिला रोकायाले हामी अब सँगै मरौं भनी भनेको अवस्थामा म पुनरावेदक प्रतिवादीले पनि मृतक लिला रोकायाको समर्पण भावमा साथ समर्पित भई सँगै मर्ने निष्कर्षमा पुगि मृतकसँग जिवन लिला समाप्त गर्ने हेतुले मृतकसँगै मृतकले नै साथमा लिई आएको विष सेवन गर्न सहमत भई पहिला म पुनरावेदक प्रतिवादीले नै विष सेवन गरिरहेको अवस्थामा मृतक लिला रोकाले मेरो हातबाट विष खोसी सेवन गर्दै गर्दा म बेहोस भई सकेको थिए। त्यसपछि म एकैचोटी मध्यपश्चिमाञ्चल अस्पतालमा उपचारार्थ भएको अवस्थामा होसमा आउँदा लिला रोकाको मृत्यु भइसकेको थाहा जानकारी पाएको हु। म र लिला रोकाया विच न कुनै झैं-झगडा थियो, न कुनै रिसइवी नै थियो हामी बीच आपसी विश्वास प्रेम र समर्पण मात्र थियो। त्यसैको परिणाम दुवै सँगै मर्ने भन्ने निर्णयमा पुगिएको हो। त्यति बेलाको हाम्रो निर्णय जन्मको नियम विरुद्ध

भए पनि कुनै स्वर्थपूर्ण बनावटी तथा षडयन्त्र पूर्ण निर्णय वा कर्म होइन यदि त्यस्तो हुन्थ्यो भने एक जना मर्ने र अर्को मर्नलागेको अवस्थामा एकान्त जंगलमा हुदैनथ्यौं। मैले लिला रोकालाई मार्ने नियतले विष खुवाई मार्ने सम्मको कार्य नगरेको हुँदा पुनरावेदन अदालत सुर्खेतको फैसलामा न्यायिक मनको प्रयोग हुन नसकेको देखिँदा मलाई सजाय गर्ने गरी गरेको उक्त फैसलाई बदर गरी अभियोग माग दाबीबाट सफाइ पाउँ भन्ने बेहोराको पुनरावेदक प्रतिवादी खगेन्द्र नेपालीले यस अदालतमा दायर पुनरावेदन।

१९. जाहेरीमै दुईजनाले विष खाई आत्महत्याको प्रयास गरेको र दुवै अर्धचेत अवस्थामा रहेको तथ्य प्रस्तुत भएको, सोही तथ्यलाई पुष्टि गर्ने गरी देवीराम खत्रीले प्रत्यक्षदर्शीको रुपमा रही कागज गरेको, मौकामा कागज गर्ने परेकबहादुर बुढाको कागज तथा बकपत्र, प्रतिवादी खगेन्द्र नेपाली स्वयंले मौकामा गरेको कागजमा पहिले विष आफूले खाएको र मृतकले उनी पश्चात् खाएको स्वीकारेको, मध्यमाञ्चल क्षेत्रीय अस्पतालको प्रतिवेदनले अभियुक्तले Poison खाएको Treatment गरेको देखिएबाट पुनरावेदन अदालतको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने हुँदा मुलुकी ऐन, अ.वं. २०२ नं. को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयलाई जानकारी गराई नियमानुसार पेश गर्नू भन्ने बेहोराको यस अदालतको मिति २०७४/११/३ को आदेश।

## ठहर खण्ड

२०. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश भएको प्रस्तुत मुद्दामा पुनरावेदक खगेन्द्र नेपालीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री मुकुन्द शर्मा पौडेल तथा अधिवक्ताहरू श्री विष्णुप्रसाद अधिकारी, श्री रामचन्द्र पौडेल, श्री वसन्त प्रसाद रिमाल, श्री राजकुमार उप्रेती र श्री सहदेव भण्डारीले यी प्रतिवादी खगेन्द्र नेपाली र मृतक लिला रोकायाबीच प्रेम सम्बन्ध रहेको, मृतकको पारिवारिक दबाबका कारणले प्रेम सफल हुन नसकेपछि दुवै जनाले मर्ने निर्णय गरी विष सेवन गरेको र लिला रोकायाको मृत्यु भएको र वनपाले देवीराम खत्रीले उपचारको लागि लगेको कारण बाँच्न सफल भएको हो। संयुक्त रुपमा मिलेर गरिने आत्महत्या[1] (Suicide Pact) मा

[1] डा. शंकर कुमार श्रेष्ठको कानून तथा न्याय सम्बन्धी शब्दकोष, अङ्ग्रेजी-अङ्ग्रेजी-नेपाली (पैरवी प्रकाशन, दोश्रो संस्कण, २००८) मा Suicide Pact लाई "संयुक्त रुपमा मिलेर गरिने आत्महत्या" भनी उल्लेख भएको देखिन्छ।

बाँच्नेलाई कारवाही गर्न नमिल्ने हुँदा प्रतिवादीलाई अभियोग मागदाबीबाट सफाई दिलाई पाउँ भनी बहस गर्नुभयो भने प्रत्यर्थी वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री ध्रुवकुमार चौहानले संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) हुनका लागि प्रहार वा विष सेवनमा समानुपातिकता हुनु पर्दछ। व्यक्तिहरुको अवस्था मृत्युबाट फर्कन नसक्ने हुनुपर्दछ। मृतक बालिका १४ वर्षकी भएको र प्रतिवादी निजको प्रेमी समेत भएकोले विष सेवनको तत्काल अघिको अवस्थामा मृतकको एकमात्र संरक्षक रहेबाट मृतकलाई आत्महत्याबाट बचाउने जिम्मेवारी पनि यी प्रतिवादीकै भएको देखिँदा यी प्रतिवादीलाई सुरु अदालतबाट भएको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत सुर्खेतको फैसला मिलेकै देखिँदा सदर हुनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो।

२१. दुवै पक्षको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा यसमा पुनरावेदन अदालत सुर्खेतको मिति २०७३/३/१ को फैसला मिले नमिलेको सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२२. यसमा प्रतिवादीलाई मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ र १३(२) नं. बमोजिमको कसूरमा सोही महलको १३(२) नं. बमोजिम सजाय हुन मागदाबी लिई सुरु सुर्खेत जिल्ला अदालतमा अभियोग पत्र दायर गरेकोमा उक्त अदालतबाट सोही महलको १३(२) नं. बमोजिम सर्वस्व सहित जन्मकैद सजाय हुने गरी सजाय गरी मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैद सजाय प्रस्ताव गरी भएको फैसला साधकको रोहबाट पुनरावेदन अदालत सुर्खेतमा पेश भएकोमा उक्त अदालतबाट सुरु फैसला सदर गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद प्रस्ताव गरी गरेको फैसला उपर चित्त नबुझाई प्रतिवादी खगेन्द्र नेपालीले यस अदालतमा पुनरावेदन गरेको अवस्था छ।

२३. यसमा आफू विवाहित भै घरजम गरेर बसेको व्यक्ति प्रतिवादी खगेन्द्रले कम उमेरकी केटी लिलासँग प्रेम सम्बन्ध राखी विवाह गरी सो कार्यमा लिलाको बुबाको बाधा विरोध पछि मात्र मृतक लिला समेत दुवैले विष खाएर लिलामात्र घटना स्थलमै मरेको अवस्थामा सो को अप्रत्यक्ष जरिया र कारणमा प्रतिवादी खगेन्द्र नेपालीकै बदनियत रहेको मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ र १३(२) नं. बमोजिमको कसुरमा ऐ. को १३(२) नं. बमोजिम सजाय हुन अभियोग पत्रमा मागदाबी लिइएको छ। प्रतिवादी

खगेन्द्रबहादुर नेपालीले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतसमक्ष बयान गर्दा मृतक लिला रोकायासँग मेरो प्रेम सम्बन्ध कायम भएकाले हामी भागेर खोटाङको गएकोमा मृतकको बुबाले थाहा पाई खोटाङ बाटै लिला रोकायालाई फिर्ता लिई आउनु भयो। अनि लिलाको बुबाले लिलालाई अन्यत्र विवाह गरिदिने भएपछि मृतक भागेर म भएको ठाउँमा आएपछि मृतकले किनेर ल्याएको विष सेवन गरी मरौं भने पछि पहिला मैले विष सेवन गरे अनि मृतकले मेरो हातबाट आफै खोसेर विष सेवन गरेकी हुन्। केही छिन पछि हामी दुवै वेहोस भए छौं। मलाई अस्पताल लगि उपचार गरे पछि बाँच्न सफल भए पनि मृतक लिलाको उपचार हुन नसकी मृत्यु भयो भन्ने सुनेको हुँ। मृतकलाई मैले विष खुवाई मारेको होइन भनी विष खाएको कुरामा सावित रही विष खुवाएको कुरामा इन्कार रही बयान गरेको पाईन्छ।

२४. मिसिल संलग्न घटनास्थल मुचुल्का, जाहेरी दरखास्त, घटनाविवरण कागज गर्ने मानिसहरूले सुरु अदालतमा गरिदिएको वकपत्रको बेहोरा र प्रतिवादीको बयान लगायतका प्रमाणहरूबाट मृतक लिला रोकाया र यी प्रतिवादी खगेन्द्र नेपाली बीच प्रेम सम्बन्ध भई त्यस सम्बन्धमा मृतक लिलाको बुबाबाट व्यवधान उत्पन्न भै दुवै जनाले आत्महत्या गर्ने निधो गरे बमोजिम जिल्ला सुर्खेत अन्तर्गत पर्ने जनसंरक्षण सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्र भित्र मृतक र प्रतिवादी विषादी समेत लिई सँगै गई प्रतिवादी खगेन्द्र नेपाली र मृतक लिला रोकायाले विषादी सेवन गरेको र उक्त विषादी सेवनको कार्यबाट मृतक लिला रोकायाको घटनास्लथमा नै मृत्यु भएको र प्रतिवादीको उपचार पश्चात ठिक भएको वारदात पुष्टी भएको देखियो।

२५. अब उक्त वारदात वादी पक्षले दावि गरेजस्तो प्रतिवादीले कम विष सेवन गरी मृतकलाई धेरै विष सेवन गराई वदनियत पुर्वक मारेको हो वा यो घटना प्रतिवादीले पुनरावेदन जिकिर लिएजस्तो संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) हो भन्ने सम्बन्धमा विश्लेषण हुनुपर्ने देखियो। संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) सम्बन्धमा वादी नेपाल सरकार तर्फबाट महत्व दिँदै सोही आधारमा यी प्रतिवादीलाई कसूरदार ठहर गर्नुपर्ने माग भएको देखिन्छ। अब संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) को सामान्य अर्थ के हो भन्ने सन्दर्भमा हेर्दा संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) लाई Merriam-Webster Dictionary मा "an agreement

between two or more peoples to commit suicide together, an agreement between two or more People to kill themselves at the same time[2]" भनी उल्लेख गरेको पाइन्छ। अर्थात् दुई वा दुईभन्दा बढी व्यक्तिहरुले एकै समयमा आफैंले आफैंलाई मार्ने गरी भएको सहमतीलाई बुझाउँदछ। यसको सन्दर्भमा नेपालको कानूनलाई साविकको मुलुकी ऐनमा हेर्दा, आत्महत्याका सम्बन्धमा कुनै कुरा उल्लेख भएको नदेखिए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ मा आत्महत्या गर्न दुरुत्साहन दिन नहुने व्यवस्था गरिएको देखिन्छ। दफा १८५(१) मा "कसैले कसैलाई आत्महत्या गर्न, दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन" भन्ने उल्लेख गरेको देखिन्छ। प्रस्तुत वारदात मुलुकी अपराध संहिता, २०७४ लागू हुनुभन्दा अगाडिको भएको हुँदा सो नयाँ कानूनी व्यवस्था यस मुद्दामा लागू हुने अवस्था छैन। अभियोग पत्रमा यी प्रतिवादीले मृतकलाई जबरजस्ती विष खुवाएको नदेखिए पनि अप्रत्यक्ष रुपमा विष सेवन गराएको भनी साविक मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(२) नं.को अभियोग लगाएको कारण Suicide Pact बारे थप केही विवेचना हुन आवश्यक देखिएको छ।

२६. संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) को चरित्र के कस्तो हुन्छ र यसलाई के कसरी विश्लेषण गर्न सकिन्छ भन्ने सम्बन्धमा अनुसन्धान भई धेरै संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) मा देखिएका समान प्रकृतिको चरित्रहरू[3] साधारणतया निम्न प्रकारका रहेको पाइन्छः-

क) दुवै पक्षबीच आत्मिय वा भावनात्मक सम्बन्ध हुने र समाजप्रति नकारात्मक धारणा विकास भएको हुने।

ख) आत्महत्या गर्न चाहनेले अहिंसात्मक (Non-violent) माध्यम अपनाउने।

ग) संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) सामान्यतया प्राणघातक (Lethal)

---

[२] https://www.merriam-webster.com/dictionary/suicide%20pact.

[३] अनलाइन जर्नल Guardian ले संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) को चरित्रलाई यस प्रकार व्याख्या गरेको छः Characteristics of suicide pacts; A suicide pact is a mutual agreement between two or more people to die at the same time and usually at the same place. This is a rare phenomenon and are therefore difficult to study. Despite their rarity and the fact that suicide pact victims generally choose nonviolent suicide methods, suicide pacts are generally lethal and the chances of survival are low. https://www.guardian.co.tt/article-6.2.447264.2f3c8a3735 .

हुने, जसमा पक्षहरुको बच्ने सम्भावना न्यून रहने।

२७. अब संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) गरेर सो बमोजिमको कार्य समेत गरी मृत्युको मुखमा पुगिसकेको अवस्थामा अन्य तेश्रो पक्षको हस्तक्षेप वा अन्य कारणले बाँचेको व्यक्तिको हकमा Valid Defense ( वैध प्रतिरक्षा) को अधिकार रहने नरहने भन्ने सम्बन्धमा हेर्दा, बेलायतमा सन् २००५ मा Homicide Act, 1957 संशोधन हुनुभन्दा अगाडिसम्म संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) बाट बाँचेकाहरु (Survivors) हरुलाई हत्यामा दोषी नठहर्‍याए पनि आत्महत्यामा सहयोग गरेको वा दुरुत्साहन दिएको (Aiding and Abetting) मा सजाय गरेको पाइन्छ।[4] तर २००५ मा Homicide Act मा संशोधन गरी Survivors लाई Valid Defense प्राप्त हुने व्यवस्था गरिएको छ। उक्त ऐनको दफा ४ मा गरिएको व्यवस्था यस प्रकार रहेको पाइन्छः-

**Section 4: Suicide pacts**

(1) It shall be manslaughter, and shall not be murder, for a person acting in pursuance of a suicide pact between him and another to kill the other or be a party to the other being killed by a third person.

(2) Where it is shown that a person charged with the murder of another killed the other or was a party to his being killed, it shall be for the defence to prove that the person charged was acting in pursuance of a suicide pact between him and the other.

(3) For the purposes of this section "suicide pact" means a common agreement between two or more persons having for its object the death of all of them, whether or not each is to take his own life, but nothing done by a person who enters into a suicide pact shall be treated as done by him in pursuance of the pact unless it is done while he has the settled intention of dying in pursuance of the pact.

२८. बेलायतको उदाहरण हेर्दा, यदी कसैले संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) गरेर आफू पछि हट्दछ र अर्को व्यक्तिले आत्महत्या गर्दछ भने त्यसलाई आत्महत्याको दुरुत्साहनमा दोषी करार गरी सजाय गरेको पाइन्छ। R v. Natasha

---

[४] R v. Croft, 29 Crim. App. Rcp. 161 (1944), Report of the RCCP, Para. 164-176), R. v. Arnold The accused man was the survivor of a suicide pact and was charged with murder. When he appeared in court the Crown made an application to further present him under the provisions of the *Crimes Act (Vic.), 1967* amending legislation that, amongst other things removed the criminal stigma from suicide and attempted suicide. The accused was found not guilty of murder by direction but guilty of aiding and abetting suicide pursuant to a pact. The subsequent contested plea is considered in relation to the problem of punishment and treatment. (https://www.tandfonline.com/doi/abs/10.3109/00048676909159279?journalCode=ianp20

Gordon[5] को मुद्दामा आफ्नो केटा साथी Matthew Birkinshaw सँग Internet बाट संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) गरेपछि आफूले आत्महत्या नगरेको कसुरमा Natasha Gordon लाई ४ वर्ष कैद सजाय भएको छ। यस मुद्दामा Justice Mrs. Cheema-Grubb ले Suicide Pact र Survivor बारे विश्लेषण गर्दै प्रतिवादी Natasha Gordon लाई सजाय गर्नु पर्ने कारण यस प्रकार उल्लेख गरेकी छन्- "*This was a serious case because Matthew Burkinshaw actually took his life after your encouragement and I have found that you misled him into believing that you were genuinely and firmly intent on committing suicide with him on 17th December although you were in fact not fully committed. This distinguishes your case from a true suicide pact.*"

२९. आत्महत्याका सम्बन्धमा भारतमा रहेको कानूनी व्यवस्थालाई हेर्दा, Indian Penal Code (IPC) मा संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) को बारेमा केही पनि उल्लेख नभए तापनि Indian Penal Code (IPC) को Section 309 मा " Whoever attempts to commit suicide and does any act towards the commission of such offence, shall be punished with simple imprisonment for a term which may extend to one year or with fine, or with both" भन्ने व्यवस्था भएबाट आत्महत्याको प्रयासलाई नै दण्डनीय बनाएको देखिन्छ।

३०. अब सामान्य तरिकाबाट संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) जस्तै देखिने र यसो हेर्दा उस्तै प्रकृतीको देखिने आत्महत्याको दुरुत्साहन (Abetment to suicide) को सम्वन्धमा हेर्दा, अर्को व्यक्तिलाई आत्महत्या गर्न उक्साउनु वा कुनै षडयन्त्र गरी आत्महत्या गर्न लगाउनु वा जानि जानी कसैलाई आत्महत्या गर्न सहयोग गर्नु आत्महत्याको दुरुत्साहन हो भन्न सकिन्छ।[6] नेपालमा साविकको मुलुकी ऐनमा

---

[५] Decision Date; 19 January 2018 Leicester Crown Court.

[६] Legal Service India मा प्रकाशित Suicide Law in India भन्ने लेखमा Advocate Prakriti ले आत्महत्याको दुरुत्साहन (Abetment to Suicide) लाई यसरी परिभाषित गरेकी छिनः A person is accountable for abetment to suicide when any of the following conditions are fulfilled:, He/She instigates someone to commit suicide., he/she takes part in a conspiracy to make a person commit suicide., he/she helps the victim deliberately so he can commit suicide by doing an act or not doing something that he was bound to do. Available at; A. Prakriti, Sucide Law in India, Legal Service India (Ejournal).

आत्महत्याको दुरुत्साहन का सम्बन्धमा कुनै व्यवस्था नगरिएको भए तापनि हालको मुलुकी अपराध संहिता, २०७४ को दफा, १८५ मा गरिएको व्यवस्था यस प्रकार रहेको छः-

*दफा १८५. आत्महत्या गर्न दुरुत्साहन दिन नहुनेः (१) कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन (२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।*

३१. भारतमा Indian Penal Code (IPC) को Section 108 ले दुरुत्साहन कर्ता (Abettor) को परिभाषा गर्दा-*"A person abets an offence, who abets either the commission of an offence, or the commission of an act which would be an offence, if committed by a person capable by law of committing an offence with the same intention or knowledge as that of the abettor" भन्ने उल्लेख गरेको छ। यस्तै IPC को Section 306 आत्महत्याको दुरुत्साहनका सम्बन्धमा गरेको कानूनी व्यवस्था यस प्रकार छः-*

*Section 306, Abetment to Suicide: if any person commits suicide, whoever abets the commission of such suicide shall be punished with imprisonment of either imprisonment for a term which may extend to ten years, and shall also be liable to fine.*

उल्लेखित कानूनी व्यवस्थाहरू हेर्दा कोही कसैलाई मार्ने योजना बनाएर आत्महत्या गर्न उक्साउनु र आत्महत्या गर्न लगाउनुलाई आत्महत्याको दुरुत्साहन भन्न सकिन्छ जसमा दुरुत्साहनकर्ताले पीडितलाई मानसिक रुपले प्रभावमा परी उसको कमजोरीको फाइदा उठाएर आत्महत्या गर्न लगाउँदछ। दुरुत्साहनकर्ताले यस्ता कार्यहरू बदला लिनको लागि, सम्पत्ति खाने लोभले वा सामाजिक अवहेलनाबाट बच्न (प्रेम सम्बन्ध, विवाह पछिको अवैध सम्बन्ध लुकाउन) आदि विभिन्न कारणबाट गर्न सक्छ भने पीडितले सामाजिक अवहेलनाको डर वा पारिवारिक हिंसाका समेत कारण वा यदाकदा आवेशमा आत्महत्या गर्ने गर्दछन। विशेषगरी एकल महिला, बाल बालिका, किशोर किशोरी, नव विवाहित बुहारी, हिंसा पीडित महिला जेष्ठ नागरिक, मानसिक तथा शारिरिक अपाङ्गता भएका मानिसहरूलाई विभिन्न आर्थिक तथा सामाजिक परिस्थितीबाट पीडित भइ आत्महत्याको वाटो रोजेको पाइन्छ।भारतको सर्वोच्च अदालतले आत्महत्याको

दुरुत्साहन सम्बन्धी कसुरलाई S.S. Chheena vs. Vijay Kumar Mahajan and Another[7] को मुद्दामा गरेको व्याख्या यस प्रकार रहेको छः-

- Abetment involves a mental process of instigating a person or intentionally aiding a person in doing of a thing.
- Without a positive act on the part of the accused to instigate or aid in committing suicide, conviction cannot be sustained.
- There has to be a clear *mens rea* to commit the offence.
- It also requires an active act or direct act which led the deceased to commit suicide seeing no option and that act must have been intended to push the deceased into such a position that he committed suicide.

यस्तै Randhir Singh vs. State of Punjab[8] को मुद्दामा दुरुत्साहनको व्याख्या यस प्रकार गरेको छः-

- Abetment involves a mental process of instigating a person or intentionally aiding that person in doing of a thing.
- More active role which can be described as instigating or aiding the doing of a thing is required before a person can be said to be abetting the commission of offence under Section 306 of IPC.

३२. माथि प्रकरणहरूमा उल्लेखित कानूनी व्यवस्था र फैसलाहरूको अध्ययन गरी हेर्दा आत्महत्याको दुरुत्साहनमा एक व्यक्तिले अर्को व्यक्तिलाई षडयन्त्र गरी वा विभिन्न बाहाना बनाई उक्साई मर्न बाध्य बनाएको वा आत्महत्या गर्ने परिस्थिती सिर्जना गरेको हुन्छ र यदी उसले पीडित सँग आत्महत्या गर्ने सहमती गरेकै भए पनि त्यो पीडितलाई झुक्याउने उद्देश्यले गरिएको देखावटी वा नाटकीय कार्य मात्र हुन्छ भने संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) मा दुवै पक्षले मर्ने सम्मको सवै काम गरेका हुन्छन र यदी कोही कसैको जीवन बच्दछ भने पनि तेश्रो पक्षको हस्तक्षेप वा नया परिस्थितिको सिर्जना भएका कारणले मात्र त्यो संभव भएको हुन्छ। सामान्य व्यक्तीका आँखाबाट हेर्दा संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) र आत्महत्याको दुरूत्साहन उस्तै उस्तै जस्तो देखिने भए पनि अपराधको प्रकृति, वारदातका अन्तरवस्तुका साथै पीडित मृतकको मानसिक अवस्था आदिमा फरक रहने हुँदा यस्ता

[७] Decided at, 12 August, 2010, Supreme Court of india, available at https://indiankanoon.org/doc/850589/ (Ejournal)

[८] (2004)13 SCC 129

प्रकृतिका घटनाहरूको अनुसन्धान गर्दा सम्बन्धित अनुसन्धान अधिकृतले चनाखो भएर प्रमाणहरूको संकलन र विश्लेषण गर्नु जरुरी देखिन्छ।

३३. आत्महत्या जस्तो विषयमा अपरिपक्व बालबालिका वा नाबालकसँग कुनै किसिमको छलफल गर्नु, योजना बनाउनु वा आत्महत्या गर्न सहयोग गर्नु आफैंमा कसुरजन्य कार्य हुने सम्बन्धमा विवाद हुन सक्दैन। बाल बालिकासँग गरिएको कुनै कारोबार, सम्झौता वा करार त बदर हुने कानूनी व्यवस्था रहेकोमा आत्महत्या जस्तो गम्भीर विषयमा नाबालकसँग आत्महत्याको छलफल गर्नु नै अस्वीकार्य हुने र यदि पीडित नाबालक भएमा बाँचेकै कारणले संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) भनी कुनै प्रकारको उन्मुक्ती वा सुविधा नपाउनेमा विवाद रहेन। यसमा मृतक लिला रोकायाको उमेर १४ वर्ष मात्र रहेकोले निज नावालक रहेको हुँदा प्रतिवादीले नाबालिकलाई प्रेम समबन्धमा फसाई आत्महत्या गर्न लगाएको भन्ने वादी नेपाल सरकारको जिकिर सम्बन्धमा हेर्दा जाहेरी दरखास्तमा जाहेरवालाले मृतकको उमेर १४ वर्ष भने तापनि सोलाई पुष्टि गर्ने कुनै आधार प्रमाण पेश गर्न सकेको देखिँदैन भने मृतक लिला रोकाया अध्ययनरत श्री नेपाल राष्ट्रिय सामुदायिक माध्यमिक विद्यालय सुर्खेतको अभिलेखमा निजको जन्म मिति २०५४/५/१० उल्लेख भएको भन्ने उक्त विद्यालयको मिती २०७३।९।२४ को पत्रबाट देखिन्छ। बालबालिकाको उमेर एकिन गर्ने सम्बन्धमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३ ले गरेको बाल बालिकाको उमेर कायम गर्ने आधार सम्बन्धी व्यवस्था यस प्रकार छः

दफा ८३. ***<u>बालबालिकाको उमेर कायम गर्ने आधारः</u>*** *बालबालिकाको उमेर कायम गर्दा देहायका कुरालाई आधार मानिनेछ :–*

*(क) अस्पतालबाट जारी भएको बालबालिकाको जन्मदर्तामा उल्लिखित जन्म मिति,*

*(ख) खण्ड (क) बमोजिमको जन्म मिति नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति,*

*(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मिति,*

*(घ) खण्ड (ग) बमोजिमको प्रमाणपत्र वा जन्म मिति पनि नभएमा अस्पतालबाट प्रमाणित उमेर सम्बन्धी प्रमाणपत्रमा उल्लिखित मिति,*

*(ङ) खण्ड (घ) बमोजिमको प्रमाणपत्र पनि नभएमा जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको बाबु आमा, संरक्षक वा परिवारका अन्य सदस्यले खुलाई दिएको उमेर वा यस्तै अन्य सम्बद्ध प्रमाण।*

उल्लेखित कानूनी व्यवस्था हेर्दा वादी पक्षले आफ्नो दाबी पुष्टीगर्ने कुनै प्रमाण पेस नगरेको अवस्थामा प्रतिवादीको तर्फबाट पेश गरिएको मृतक अध्ययन गर्ने विद्यालयको पत्र र त्यसमा उल्लेख गरिएको उमेरलाई उमेर निर्धारण गर्ने आधार मान्नुनै पर्ने देखियो। यसबाट घटना हुँदा यी मृतक नाबालिक रहेको भन्ने वादीको दाबी पुष्टि हुन सकेन।

३४. अब प्रतिवादीले मृतकलाई आत्महत्या गर्न उक्साएको भन्ने सह-न्यायाधिवक्ताको बहस जिकिरका सम्बन्धमा हेर्दा मृतक लिला रोकाया र प्रतिवादी खगेन्द्र नेपालीबीच प्रेम सम्बन्ध रहेकोमा विवाद देखिँदैन। मृतकका पिता जंगबहादुर रोकायाले मिति २०७१/१/१५ मा दिएको जाहेरी दरखास्तमा घटनास्थलमा छोरी लिला रोकायाको मृत्यु भइसकेको र खगेन्द्र परियार अचेत अवस्थामा फेला परेको भन्ने उल्लेख भएको देखिन्छ। घटनास्थल पहिलो चोटी देख्ने सुर्खेत उत्तरगंगास्थित जनसंरक्षण सामुदायिक वनका चौकीदार देवीराम खत्रीले प्रतिवादी खगेन्द्र नेपालीलाई अर्धचेत अवस्थामा वाक वाक गरिराखेको अवस्थामा देखेपछि सामुदायिक वनका अध्यक्ष परेक बहादुर बुढालाई फोनबाट खबर गरेको उल्लेख गरी घटना विवरण कागज गरिदिएको देखिन्छ भने जनसंरक्षण सामुदायिक वनका अध्यक्ष परेकबहादुर बुढाले खबर पाई घटनास्थल पुगी हेर्दा केटा केटी दुवैजना पल्टिएको अवस्थामा रहेको, केटाको खुट्टा समाउँदा जिउँदो जस्तो लागेर प्रहरीलाई खबर गरेपछि प्रहरीले उपचारका लागि लगेको भन्ने उल्लेख गरी घटना विवरण कागज गरेका छन्। यस्तै वारदातको अघिल्लो दिन मिति २०७१/१/१४ गते मृतकसँग सँगै सुतेकी मृतकको बहिनी नाता पर्ने सरिता बुढाले मृतक लिला रोकायाले यस अघिपनि विष खाएर आत्महत्या गर्ने प्रयत्न गरेकोमा घर परिवारले औषधी उपचार गर्दा बाँच्न सफल भएकी हुन् र विष मृतक आफैंले ल्याएकी हुन भनी घटना विवरण कागज गरिदिएको समेतबाट मृतक र प्रतिवादीले दुवै जनाले आत्महत्या गर्ने उद्देश्यले संयुक्त रुपमा नै विष सेवन गरेको नै पुष्टि हुन आउँछ।

३५. यस्तै विष सेवन अनुपातिक हिसाबले (Proportionate) नभएको, प्रतिवादीले आफूले कम विष

सेवन गरेर मृतकलाई बढी विष खुवाएको भन्ने नेपाल सरकारको जिकिर भए तापनि प्रतिवादीले अनुसन्धान र अदालत दुवै तर्फको बयानमा मृतकले आफूसँग बोकी ल्याएको विष पहिले आफुले सेवन गरेको उल्लेख गरेको देखिन्छ। निज प्रतिवादीको मध्य पश्चिमाञ्चल अस्पताल सुर्खेतमा UP Posisoning (विष सेवन) को उपचार भएको उक्त अस्पतालको मिति २०७२/२/१३, च.नं. ९०४ को पत्रबाट पुष्टि भएको अवस्था छ। निज प्रतिवादीले सेवन गरेको विष मर्नेसम्मको थियो वा थिएन, निजले मृतकभन्दा कम विष सेवन गरेका थिए वा थिएनन्, मृतकको शरीरमा भेटिएको विष र प्रतिवादीको शरीरमा भेटिएको विष एउटै थियो वा थिएन, प्रतिवादीको शरीरमा रहेको विष मृत्युको लागि पर्याप्त थियो वा थिएन भन्ने सम्बन्धमा अनुसन्धान भएको देखिँदैन। निज कम विष सेवन गरेको कारण बाँचेका हुन् वा उपचारको कारणले भन्ने विषयमा कुनै अनुसन्धान नै नगरी लिइएको जिकिरलाई विश्वास योग्य मान्न सकिएन। अतः शंकाको सुविधा प्रतिवादीले पाउँदछ भन्ने फौजदारी न्यायको सिद्धान्त समेतका आधारमा प्रतिवादीले पनि मृतकसँग विष सेवन गरी आत्महत्याको प्रयास गरेको र अचेत अवस्थामा रहेकोमा देवीराम खत्री समेतले देखी प्रहरीलाई खबर गरेपछि (तेश्रो पक्षको हस्तक्षेपबाट) उपचार पाएको कारणले निजको जीवन जोगिएको मान्नु पर्ने देखिन आयो।

३६. यसरी मृतक लिला रोकाया र प्रतिवादी खगेन्द्र नेपाली बीच प्रेम सम्बन्ध रहेको, मृतकले बोलाएकै कारण मृतक बसेको स्थलमा प्रतिवादी आएको, निजलाई मृतककै बहिनी नाताकी सरिता बुढाले कोठासम्म लिई गएको, जाहेरी दरखास्तमै दुवैजनाले आत्महत्याको प्रयास गरेको र दुवै अर्धचेत अवस्थामा फेला परेको भन्ने व्यहोरा उल्लेख भएको र सोही तथ्यलाई पुष्टि हुने गरी प्रत्यक्षदर्शीको रुपमा रहेमा देवीराम खत्रीले कागज गरिदिएको, पहिले आफूले विष सेवन गरेको र मृतकले आफू पश्चात् विष खाएको भनी प्रतिवादीले अनुसन्धान र अदालतको बयानमा समेत उल्लेख गरेको देखिन्छ भने जाहेरी दरखास्तमा मृतकको उमेर १४ वर्षको भनिए तापनि सोलाई पुष्टि हुने कुनै प्रमाण अभियोजन तर्फबाट पेश नगरिएको र प्रतिवादीको तर्फबाट मृतकको जन्म मिति २०५४/५/१० भनी निज अध्ययनरत विद्यालयबाट उमेर प्रमाणित भएको अवस्थामा निज मृतकको उमेर के कती रहेको भन्ने र निज नाबालक रहे नरहेको भन्ने

विषयमा अनुसन्धान नै नभएको, यस्तै मृतककी बहिनी नाता पर्ने सरिता बुढाले मृतकले आफैं विष ल्याएको भनी मौकामा कागज गरेको र प्रतिवादी खगेन्द्र नेपालीले विष खाएकोले मध्यमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार गरेको भन्ने कुरा उक्त अस्पतालको प्रतिवेदनबाट देखिएको अवस्थामा यी प्रतिवादीले मृतकलाई विष खुवाई मार्नेसम्मको कार्य गरे गराएको भन्ने कुरा वस्तुनिष्ठ आधारमा शंकारहित तवरबाट पुष्टि हुन नसकेको अवस्थामा वारदातको प्रकृति समेतका प्रमाणहरूबाट प्रस्तुत वारदातलाई मृतक लिला रोकाया र खगेन्द्र नेपालीले आपसमा मर्ने सहमती गरी आत्महत्या गर्न विष सेवन गरेको देखिँदा उक्त वारदात संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) होइन होला भन्न सकिने अवस्था देखिएन। अतः प्रतिवादीले मृतकलाई मारेको भनी कर्तव्य ज्यानतर्फ कसुरदार ठहऱ्याई भएको पुनरावेदन अदालत सुर्खेतको मिति २०७३/३/१ को फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक खगेन्द्र नेपालीले अभियोग मागदाबीबाट सफाई पाउने ठहर्छ।

३७. प्रस्तुत मुद्दालाई संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) को रुपमा व्याख्या गरी प्रतिवादीलाई सफाई दिँदै गर्दा यस इजलास यो विषयको दुरुपयोग नहोस र भोली संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) का नाममा सोझा सिधा मान्छेलाई आत्महत्याको लागि उक्साउने वा दबाब दिई पहिले आत्महत्या गर्न लगाउने कार्य नहोस, सिधा सोझा पीडित महिला तथा किशोर किशोरीहरु माथि शोषण गरी वा अन्य जोसुकैको सम्बन्धमा पनि त्यस प्रकृतिको कार्य गरी गर्न लगाई निजहरुलाई आत्महत्या गर्न लगाइएको लगायतका कार्यहरु नहुन भन्नेतर्फ अत्यन्त सचेत छ। आत्महत्या कुनै पनि व्यक्तिले आफ्नो जीवन समाप्त गर्ने गरी गरेको कठोर निर्णय हो र सो आफैं एउटै सामाजिक रोग पनि हो। यसको रोकथामका लागि राज्य तथा समाजमा हरेक निकायहरु सचेत रहनु पर्दछ र यो राज्य तथा समाजका हरेक निकायको उत्तर दायित्व पनि हो। अझ सोझा सिधा मान्छेहरुलाई परिबन्दमा पारी आत्महत्या गर्न उक्साउने वा संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) को नाममा अर्को व्यक्तिलाई मर्न लगाई आफूले आत्महत्या गर्न खोजेको नाटक गर्ने कार्यलाई निरुत्साहित गरी दण्डित गर्नुपर्ने भए तापनि संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) को कसूर परिभाषित भई सजाय निर्धारण गरेको हालको प्रचलित कानूनमा नदेखिएको हुँदा

फौजदारी कानूनमा यस्तो अपराधको परिभाषा र सजायको रिक्तता पूरा गर्ने कार्य कार्यपालिका र व्यवस्थापिकाको देखिँदा सो सम्बन्धमा कानून मन्त्रालयलाई ध्यानाकर्षण गराउनुका साथै संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) जस्तो देखिने प्रकृतिको वारदातहरुमा निम्न पक्षहरुलाई समेत ध्यान दिई अनुसन्धान गरी अभियोग गर्न अनुसन्धानकर्ता नेपाल प्रहरी र अभियोजनकर्ता महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकिलहरुलाई नाममा निम्न बमोजिमको निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

क) संयुक्त रुपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) प्रकृतिका मुद्दाहरुमा यदि कोही बाँचेको छ भने निजले आफ्नो पनि मृत्यु हुनेसमेतको कार्य गरे नगरेको, तेश्रो पक्षको उपस्थिति भए नभएको, भए निजको जीवन बाँच्न सम्भव थियो थिएन भन्ने सम्बन्धमा;

ख) मृतकको उमेर, निजको शारीरिक, आर्थिक, मानसिक अवस्थाको समेत अध्ययन गरी मृतकलाई बाँचेको व्यक्ति (Survivor) ले छलछाम वा धोका वा अनुचित प्रभावमा पार्न सक्ने वा उक्साउन सक्ने अवस्था देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धमा;

ग) मृतकको मृत्युले निजलाई कुनै आर्थिक लाभ पुऱ्याउन वा अन्य प्रकृतिको स्वार्थ पूर्ति गर्न गराउन सक्ने अवस्था थियो थिएन, पीडित मृतक कुनै पनि प्रकारको घरेलु हिंसा लगायतका उत्पिडनको सिकार भएको हो वा होइनन भन्ने सम्बन्धमा;

घ) प्रहार वा विष सेवन वा आत्महत्या गर्न खोज्दा गरिएको कार्य समानुपातिक (Proportionate) थियो वा थिएन भन्ने सम्बन्धमा;

ङ) बाँचेको व्यक्ति (Survivor) लाई समेत अर्को व्यक्तिले दुरुत्साहन दिएर सो कार्य गर्न उक्साएको थियो वा थिएन;

च) घटनापछि बाँचेको व्यक्ति (Survivor) को मानसिक अवस्था के कस्तो थियो भन्ने सम्बन्धमा;

छ) घटनाक्रम र वारदातको प्रकृतिबाट अन्य कुनै विषयमा थप एवं विशिष्ट प्रकृतिको अनुसन्धान गर्नुपर्ने भए सो कुरा।

अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक प्रतिवादी खगेन्द्र नेपालीले अभियोग मागदाबीबाट सफाई पाउने ठहर गरी फैसला भएकाले अन्य मुद्दा वा कारणबाट निजलाई थुनामा राख्नु नपर्ने भए प्रस्तुत कर्तव्य ज्यान मुद्दाबाट आजै थुनामुक्त गरिदिनू भनी सम्बन्धित सुरु सुर्खेत जिल्ला अदालत मार्फत् सम्बन्धित कारागार कार्यालयमा लेखी पठाइदिनू ---------------------------------------------१

प्रकरण नं. ३७ मा उल्लिखित निर्देशनात्मक आदेश वमोजिमका कार्यहरू तत्काल कार्यान्वयनको लागि कानून मन्त्रालयमा र मातहतका निकायमा लेखी पठाउनु भनी फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयलाई दिनू--१

सरोकारवाला फैसलाको नक्कल माग्न आएमा नियमानुसार गरी नक्कल दिनू--------१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू-----------------------------------१

**न्यायाधीश**

उक्त रायमा सहमत छु।

**न्यायाधीश**

इजलास अधिकृतः- अञ्चन भट्टराई

कम्प्युटर अपरेटरः- विष्णुदेवी श्रेष्ठ

सम्वत् २०७८ साल असार २९ गते रोज ३ शुभम् -------------------------------